# कृपा
राष्ट्रिय दैनिक

e-kripa.com

बर्ष २३, अंक-२१३ बारा, २०८३ असोज ९ गते शुक्रबार / चतुर्दशी / नेपाल संवत् ११४६ / Friday, September 25 2026 / पृष्ठ ४ /मूल्य रु. ५/- पाँच


## निजगढ काँग्रेसमा पदाधिकारीको घोषणा अन्यौलमा



निजगढ, ८ असोज/नेपाली कांग्रेसको निजगढ नगर अधिवेशनमा उपसभापती पदमा भएको भनिएको सहमति विवादमा परेपछि आजको लागि तयारी गरिएको पदाधिकारीहरु नामावली घोषणा कार्यक्रम रोकिएको छ ।

नगर अधिवेशनको बुधबार भएको बन्दसत्रमा नगर सभापतिसहित अन्य पदाधिकारीहरुको नाममा सहमति भएको बताइए पनि आज फेरि विवाद बल्झिएको हो। स्रोतका अनुसार बुधबार राति अबेर भएको सहमति अनुसार नगर सभापतीमा ज्ञानबहादुर गोले, उपाध्यक्षमा चुडाबहादुर आचार्य, महिला उपसभापतीमा सोपिला स्याङ्तान, सचिवमा सुवर्ण लामा र सहसचिव पदको लागि उदयराज पाण्डेको नाममा सभापतीका आकांक्षी ज्ञानबहादुर गोल र अर्का आकांक्षी सूर्य घलान पक्षबीच सहमति भएको थियो ।

तर घलान पक्षबाट उपसभापती बन्न लाग्नुभएका आचार्यको नाममा अर्को पक्षले विवाद गरेपछि निर्वाचन समितिले पनि नवनिर्वाचित पदाधिकारीहरुको नाम सार्वजनिक गर्न नसकेको हो ।

निर्वाचन समितिका संयोजक मधुसुदन अधिकारीका अनुसार केही पदाधिकारीको नाममा अझै सहमति हुन बाँकी रहेकाले पदाधिकारीहरुको नाम सर्वजनिक गर्न ढिलाइ भएको हो । भोलिसम्म पनि सहमति हुन नसके जिल्ला निर्वाचन समितिसंग समन्वय गरेर विधानअनुसार निर्वाचन गरिने उहाँको भनाइ छ ।

यसअघि सभापती पदका आकांक्षी घलानलाई बारा क्षेत्र नम्बर १ 'क' को सभापती बनाउने आश्वासनपछि नगर समितिको सभापती पदमा ज्ञानबहादुर गोलेको नाममा सहमति बनेको थियो ।

## नदी आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन
## निजगढ नगरपालिका कार्यालयको आग्रह



निजगढ, ८ असोज/लगातारको वर्षासँगै निजगढ नगरपालिकाले नगर क्षेत्र भएर बहने बकैया, भमरा, बगर, धन्सार, भक्तलाल, भालु, बुड्जोर, गडवन, खयर र शक्ति खोलासहित खहरे तथा खोल्सी आसपासका बासिन्दालाई उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

निजगढ नगरपालिकाका नगर प्रमुख सुरथ पुरीले आज एक सूचनामार्फत राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, सिंहदरबार, काठमाडौंले असोज ७ गते जारी गरेको 'सतर्कताका अनुरोध'लाई आधार बनाउँदै सम्भावित विपद्को जोखिमबाट जोगिन पूर्वतयारी र आवश्यक सतर्कता अपनाउन नगरबासीमा आग्रह गर्नुभएको हो ।

नगरपालिकाका अनुसार असोज ८ गतेदेखि १२ गतेसम्म मधेश प्रदेशसहित देशका अधिकांश स्थानमा मेघगर्जन, चट्याङ र हावाहुरीसहित अति भारी, भारीदेखि धेरै भारीसम्म वर्षा हुने सम्भावना रहेको छ । यस्तो मौसमका कारण बाढी, डुबान, पहिरो, भू(क्षय तथा खोलानालामा पानीको बहाव बढ्न सक्ने जोखिमलाई मध्यनजर गर्दै नगरपालिकाले सावधानी अपनाउन आग्रह गरेको हो ।

निजगढ नगरपालिका क्षेत्र भएर बहने बकैया खोला, भमरा खोला, बगर खोला, धन्सार खोला, भक्तलाल खोला, भालु खोला, बुड्जोर खोला, गडवन खोला, खयर खोला र शक्ति खोला आसपासका क्षेत्रलाई विशेष जोखिमयुक्त क्षेत्रका रूपमा ध्यान दिन नगरपालिकाले आग्रह गरेको छ ।

त्यस्तै, नगरपालिकाका विभिन्न वडामा रहेका खहरे तथा खोल्सी आसपास, खोला किनार, पहिरो जान सक्ने स्थान र भू-क्षयको जोखिम रहेका क्षेत्रमा बसोवास गर्ने नागरिकलाई विशेष सतर्कता अपनाउन भनिएको छ ।

नगरपालिकाले हाल निजगढ क्षेत्रमा समेत वर्षा भइरहेको जनाउँदै नगरवासीलाई सम्भव भएसम्म सुरक्षित स्थानमा रहन आग्रह गरेको छ । साथै, टोल, बस्ती, वडा तथा समुदायस्तरमा आवश्यक सतर्कतासहित पूर्वतयारी गर्न र सम्भावित विपद्को अवस्थामा प्रतिकार्यका लागि तयार रहन अनुरोध गरिएको छ ।

सम्भावित जोखिमका विषयमा आधिकारिक तथा विश्वसनीय स्रोतबाट प्राप्त सही र तथ्यपरक सूचना मात्र आदानप्रदान गर्न पनि नगरपालिकाले आग्रह गरेको छ। विपद्को जोखिम वा कुनै आपत्कालीन अवस्था देखिएमा नजिकको वडा कार्यालय तथा सुरक्षा निकायसँग समन्वय गर्न नगरपालिकाले अनुरोध गरेको छ ।

जल तथा मौसम विज्ञान विभागले असोज ९, १० र ११ गते देशका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा, उच्च पहाडी तथा हिमाली क्षेत्रमा हिमपात, हावाहुरी र चट्याङको सम्भावना रहेको पूर्वानुमान गरेपछि नगरपालिकाले आवश्यक सुरक्षा सतर्कताको लागि आग्रह गरेको हो ।

## विद्यालयमा पनि एक दिन बिदा




निजगढ, ८ असोज/निजगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालयले भोलि एक दिनको लागि निजगढमा संचालित विद्यालयहरुमा बिदा गर्न आग्रह गरेको छ ।

हाल पूर्वामानुमान गरिएको भारी वर्षाबाट उत्पन्न हुनसक्ने जोखिमलाई ध्यानमा राखेर निजगढ नगरपालिका कार्यालयले असोज ९ गते एक दिन बिदा गर्न सामुदायिक र संस्थागत विद्यालयहरुमा आज परिपत्र गरेको हो

नगरपालिकका शिक्षा अधिकृत प्रमुख उत्तम लामिछानेको हस्ताक्षरमा जारी पत्रमा भनिएको छ( 'नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालयको गत असोज ७ गतेको परिपत्र, जल तथा मौसम विज्ञान विभागबाट जारी मौसमसम्बन्धी बुलेटिनमा असोज ९ गतेदेखि ११ गतेसम्म देशका विभिन्न स्थानमा भारीदेखि अति भारी वर्षा हुन सक्ने पूर्वानुमान गरिएको र हाल वर्षाको प्रभाव बढ्दै गएको अवस्थालाई मध्यनजर गरि विद्यार्थी, शिक्षक तथा कर्मचारीहरूको आवतजावतमा हुनसक्ने सम्भावित जोखिमका आधारमा स्थानीय अवस्था तथा सम्भावित जोखिमको मूल्याङ्कन गरी विद्यालय बिदा गर्नुपर्ने अवस्था देखिएमा विद्यालय प्रशासन र विद्यालय व्यवस्थापन समितिको समन्वयमा आवश्यकता अनुसार स्थानीय बिदाबाट मिलान हुने गरी बिदा गर्न अनुरोध छ ।'

नगरपालिकाले शुक्रबार बिदाको लागि अनुरोध गरेसंगै शनिबार र आइतबार सरकारी बिदा परेकाले नगरका विद्यालयहरु लगातार ३ दिन बन्द हुने भएका छन ।

यसअघि निजगढ नगरपालिका वडा नम्बर ३ सिंगौलस्थित सरस्वती आधारभूत विद्यालय तल्लो सिमलचौरले मुसलधारे वर्षाको कारण देखाएर सिंगौल गाउँभन्दा बाहिरका विद्यार्थीहरुलाई आज र भोलि विद्यालयमा नआउन अनुरोध गर्दै सूचना जारी गरेको थियो ।

विद्यालयका प्रधानाध्यापक बालचन्द्र घिमिरेले सिंगौल गाउँभन्दा बाहिर धन्सार नदीपारि, दमैचौर र थाकलचौरबाट विद्यालय आउने विद्यार्थी र अभिभावकहरुलाई लक्षित गर्दै असोज ८ र ९ गते विद्यालयमा नआउनु/नपठाउनुभन्दै सूचना जारी गर्नुभएको हो ।

## त्रिभुवन विमानस्थलबाट सुनसहित बाराका युवक पक्राउ




कलैया, ८ असोज/त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट अवैध सुनसहित बाराका एक युवकलाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा जिल्ला बारा पचरौता नगरपालिका( १ पिपरपाती निवासी अन्दाजी ३३ वर्षीय अनिस अन्सारी रहेका छन् ।

कतारको दोहाबाट कतार एयरलाइन्समार्फत काठमाडौं आएका यात्रुलाई प्रयोग गरी सुन ओसारपसार तथा कारोबार भइरहेको सूचनाका आधारमा प्रहरीले कारबाही अघि बढाएको थियो । सोही क्रममा प्रहरीले ७९.६ ग्राम सुनको गरगहनासहित अन्सारीलाई नियन्त्रणमा लिएको हो ।

अन्सारीसँगै सोही रुटबाट आएका भारतीय नागरिक ४२ वर्षीय मोहम्मद चेरा थोडीको गतिविधि पनि शंकास्पद देखिएपछि जाँच गर्दा उनको साथबाट ५३६ ग्राम सुन फेला परेको प्रहरीले जनाएको छ ।

बरामद सुनसहित पक्राउ परेका दुवै जनालाई थप अनुसन्धान तथा आवश्यक कारबाहीका लागि प्रहरी वृत्त गौशाला काठमाण्डौं पठाइएको छ ।

## नमुना सामुदायिक वनभित्रै काठ चिरान, छानबिनको माग



रौतहट, ८ असोज/रौतहटको चन्द्रपुर नगरपालिका(जुडिबेलास्थित नमुना सामुदायिक वन क्षेत्रमा जंगलभित्रै काठ चिरान गरी फल्याक बनाइएको भन्दै स्थानीयले तत्काल छानबिन गर्न माग गरेका छन् ।

स्थानीयका अनुसार सामुदायिक वन क्षेत्रभित्रै काठ चिरान गरी फल्याक बनाउने काम भइरहेको भए पनि सम्बन्धित वन कार्यालयबाट प्रभावकारी निगरानी हुन सकेको छैन । जंगलभित्र आरोपसमेत लगाएका छन् । वन क्षेत्रमा काठ काट्ने तथा चिरान गर्ने गतिविधि भइरहेको अवस्थामा नियमित अनुगमन र नियन्त्रणमा सम्बन्धित निकाय गम्भीर हुनुपर्ने उनीहरूको भनाइ छ ।

स्थानीयले चिरान गरिएका काठको स्रोत, प्रजाति र परिमाण यकिन गर्नुका साथै काठ चिरानमा संलग्न व्यक्तिको पहिचान गरी आवश्यक अनुसन्धान गर्न माग गरेका छन् ।

घटनाबारे जानकारी पाएपछि सम्बन्धित वन कार्यालयले तत्काल टोली परिचालन गरी स्थलगत निरीक्षण


*बाँकी तेश्रो पेजमा*


## भारी वर्षाको सम्भावनापछि जीतपुरसिमराका सबै विद्यालय दुई दिन बन्द



सिमरा, ८ असोज/भारीदेखि अति भारी वर्षा, हावाहुरी तथा चट्याङको सम्भावनालाई मध्यनजर गर्दै बाराको जीतपुरसिमरा उपमहानगरपालिकाले नगर क्षेत्रका सबै विद्यालय दुई दिन बन्द गर्ने निर्णय गरेको छ ।

उपमहानगरपालिकाले असोज ८ गते सूचना जारी गर्दै असोज ८ र ९ गते नगर क्षेत्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत (निजी) विद्यालयमा पठनपाठन स्थगित गर्न निर्देशन दिएको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयको पत्राचार तथा जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमानलाई आधार बनाउँदै विद्यार्थीको सुरक्षाका लागि विद्यालय बन्द गर्ने निर्णय गरिएको उपमहानगरपालिकाले जनाएको छ ।

उपसचिव शिवजी प्रसादद्वारा हस्ताक्षरित सूचनामा दुई दिन विद्यालय बन्द गरी विद्यार्थीको सुरक्षामा विशेष ध्यान दिन नगर क्षेत्रका सबै विद्यालयलाई अनुरोध गरिएको छ ।

उपमहानगरपालिकाले प्रतिकूल मौसमका कारण हुन सक्ने सम्भावित जोखिमलाई ध्यानमा राख्दै विद्यार्थी तथा अभिभावकलाई समेत आवश्यक सावधानी अपनाउन आग्रह गरेको छ ।


राष्ट्रिय स्तरका पत्रपत्रिकामा आएका सूचना, शेयर सम्बन्धि जानकारी र समाचारको लागि www.ekripa.com

## सम्पादकीय........

# प्राकृतिक विपत्ति र हाम्रो दायित्व

अहिले देशैभरि भइरहेको अविरल वर्षा र यसले निम्त्याएको झरीले जनजीवन अस्तव्यस्त बनाएको छ। लगातारको वर्षाका कारण देशका विभिन्न भागमा बाढी, पहिरो र डुबानको जोखिम उच्च बनेको छ। धेरै ठाउँमा यातायात र सञ्चार अवरुद्ध भएका छन् भने तल्लो तटीय क्षेत्रका नागरिकहरू विस्थापित हुने अवस्था सिर्जना भएको छ।

यस्तो संवेदनशील समयमा नागरिकको जिउधनको रक्षा गर्नु सबैभन्दा ठूलो प्राथमिकता हो। यो संकटबाट बच्न नागरिक स्तरमा उच्च सतर्कता अपनाउनु आवश्यक छ। नदी किनार, भिरालो जमिन र पहिरोको जोखिम भएका क्षेत्रमा बस्नेहरूले विशेष सावधानी अपनाउनुपर्छ।


मौसम पूर्वानुमान र स्थानीय प्रशासनको सूचनालाई निरन्तर पछ्याउँदै आवश्यक परे सुरक्षित स्थानमा बेलैमा सर्न कन्जुस्याइँ गर्नु हुँदैन। यस घडीमा सरकार र सरोकारवाला निकायको भूमिका सबैभन्दा निर्णायक हुन्छ। सरकारले केवल झरी थामिने पर्खाइमा नबसी विपद् व्यवस्थापन टोलीलाई 'हाई अलर्ट' मा राख्नुपर्छ।

बाढी र पहिरो प्रभावित क्षेत्रमा तत्काल उद्धार र राहत सामग्री पुर्‍याउने संयन्त्र चुस्त बनाइनुपर्छ। अवरुद्ध भएका राजमार्गहरू खुलाउन र विस्थापितहरूका लागि सुरक्षित आश्रयस्थल तथा स्वास्थ्य उपचारको व्यवस्था मिलाउन सरकारले युद्धस्तरमा काम गर्नुपर्छ।

प्राकृतिक प्रकोपलाई पूर्ण रूपमा रोक्न नसकिए पनि सही तयारी, पूर्वसूचना र जिम्मेवार व्यवस्थापनले यसबाट हुने क्षतिलाई धेरै हदसम्म कम गर्न सकिन्छ। त्यसैले, नागरिकको सतर्कता र सरकारको सक्रियता नै अहिलेको मुख्य आवश्यकता हो। यस घडीमा सरकार र सरोकारवाला निकायको भूमिका सबैभन्दा निर्णायक हुन्छ। सरकारले केवल झरी थामिने पर्खाइमा नबसी विपद् व्यवस्थापन टोलीलाई 'हाई अलर्ट' मा राख्नुपर्छ।

तराईका डुबानग्रस्त क्षेत्रहरूमा तत्काल उद्धार, बोट (नाव) को व्यवस्था र राहत सामग्री पुर्‍याउने संयन्त्र चुस्त बनाइनुपर्छ। अवरुद्ध भएका राजमार्ग खुलाउन, सञ्चार सुचारु गर्न र विस्थापितहरूका लागि सुरक्षित आश्रयस्थल, स्वच्छ खानेपानी तथा महामारी फैलिन नदिन स्वास्थ्य उपचारको व्यवस्था मिलाउन सरकारले युद्धस्तरमा काम गर्नु अहिलेको मुख्य आवश्यकता हो।

# प्रशान्त क्षेत्रको भूराजनीति



- प्रशान्त महासागरका टापू राष्ट्र जलवायु परिवर्तनको उच्च जोखिममा
- प्यासिफिक आइल्याण्डस् फोरम क्षेत्रीय सहकार्यको मुख्य मञ्च
- प्रशान्त क्षेत्रमा अमेरिका र चीनबीच कूटनीतिक प्रतिस्पर्धा बढ्यो



**ध्रुवहरि अधिकारी**

अन्तरिक्ष गतिविधिलगायतका अन्वेषणमा क्रियाशील अमेरिकी संस्था 'नासा' का वैज्ञानिकले प्रशान्त महासागरका टापू राष्ट्रमध्ये टुभालु सन् २०५० सम्ममा समुद्रको पानीले छोपिने निष्कर्ष निकालेका छन्। सिङ्गो देश नडुबे पनि यसले चर्चेको मुख्य टप्पू फुनाफुटी अलप हुने पक्काजस्तै छ। विगत ३० वर्षमा समुद्र सतह २१ सेन्टिमिटर माथि आएको हुनाले यो अनुमान गरिएको रहेछ। जम्मा ११ हजार जनसङ्ख्या भएको टुभालुबाट 'जलवायु शरणार्थी' हुने क्रममा रहेका कतिपय टुभालुवासी अष्ट्रेलिया र न्यूजील्याण्डतिर प्रवेश गर्न थालेका छन्। हिन्द महासागरको द्वीपराष्ट्र माल्दिभ्सले यस्तै सङ्कटको सामना गरिरहेको छ। माल्दिभ्स सार्कको सदस्य भएकाले यसबारे नेपाली केही बढी जानकारी राख्दछौँ।

समुद्री सतह बढ्दाको प्रभावमा प्रशान्त क्षेत्रका सानो भूगोलका अरू देशमा किरिबाटी, मार्शल आइल्याण्डस्, भानुआटु, फिजी आदि पर्दछन्। वास्तवमा सम्भाव्य जलवायु विपद्को सामना कसरी गर्ने भन्ने नै प्रशान्त क्षेत्रका सबै राष्ट्रको साझा चासो र चिन्ता हो। यसरी सबैको सरोकारको मामिला भएकाले जलवायु हालै पलाउमा भएको उच्चस्तरीय बैठकको कार्यसूचीको सिरानमै थियो। वार्ताका मुख्य बुँदा अर्थव्यवस्था बनाउने, जीवन, कार्य र एकता गरी चार मूलमन्त्रको सेरोफेरोमा थिए। यी कुरामा मत-मतान्तर रहेन। राय बाझिने विषय अरू नै हुने गरेका छन्।

### समान हैसियत

प्रशान्त क्षेत्रका १८ देश/प्रदेशहरूको मञ्च 'प्यासिफिक आइल्याण्डस् फोरम' (पीआईएफ) को उच्चस्तरीय बैठक ३१ अगस्ट-३ सेप्टेम्बरको बीचमा सम्पन्न भएको हो। सदस्यमध्ये ठूलो क्षेत्रफलका देशमा अस्ट्रेलिया र न्यूजील्याण्ड पर्छन् भने सानामध्येको ठूला देशमा पपुवा न्यू गिनी, फिजी र सोलोमन आइल्याण्डस् हुन्। यस क्षेत्रीय मञ्चका अन्य १३ सदस्य यी हुन्- कूक आइल्याण्डस्, फेडरेटेड् स्टेट्स अफ माइक्रोनेसिया, फ्रेञ्च पोलिनेसिया, किरिबाटी (उच्चारण किरिबास), नाउरू, न्यू क्यालिडोनिया, निउई, पलाउ, मार्शल आइल्याण्डस्, समोआ, टोङ्गा, टुभालु र भानुआटु। यसमा न्यू क्यालिडोनिया र फ्रेञ्च पोलिनेसिया फ्रान्सका समुद्रपार प्रदेश हुन् भने निउई र कूक आइल्याण्डस् न्यूजील्याण्डसँग सन्धिमा आबद्ध छन्।

यी देश/प्रदेशमा भाषिक र सांस्कृतिक विविधता प्रचुर छ र राज्य व्यवस्थाका ढाँचा पनि भिन्न छन्। यसमा स्थानीय विशिष्टतासहितको राजतन्त्र टोङ्गा हो जसको जनसङ्ख्या एक लाख जति छ। पाँचवटा देश संवैधानिक राजतन्त्र मातहत छन् र बेलायतका राजालाई नै राष्ट्राध्यक्ष मान्दछन्- अष्ट्रेलिया, न्यूजील्याण्ड, पपुवा न्यू गिनी, सोलोमन आइल्याण्डस् र टुभालु। अर्को कुरा, यी १८ मध्ये ११ सदस्य राष्ट्रमण्डल (कमनवेल्थ) का पनि सदस्य छन्। जस्तो, फिजी गणतन्त्र हो तर भारत जस्तै राष्ट्रमण्डलको सदस्य पनि छ। स्मरणीय छ, राष्ट्रमण्डलको अध्यक्षता बेलायतका राजाले गर्दछन्।

सन् १९७१ मा सातवटा सदस्यको सहभागितामा स्थापित हालको यो पी.आई.एफ.मा चारवटा प्रदेश सह-सदस्य छन्- गुआम र अमेरिकन समोआ अमेरिका अधीनस्थ, टोकेलाउ न्यूजील्याण्ड-आश्रित प्रदेश र वालिस फुटुना फ्रान्स अधीनस्थ भू-भाग। यसमा पर्यवेक्षकहरूको पनि व्यवस्था छ। तर बढी महत्वपूर्ण 'संवाद साझेदार' (डायलग पार्टनर्स) हुन् किनभने तिनको सङ्ख्या मूल सदस्यको सङ्ख्याभन्दा बढी छ- २१। यसमा अमेरिका, बेलायत, क्यानडा, जर्मनी, युरोपेली संघ (ईयू), भारत, चीन, इण्डोनेसिया, दक्षिण कोरिया, थाइल्याण्ड आदि पर्दछन्। त्यसैले पी.आई.एफ.को सम्मेलन हुँदा चरण-चरणमा हुने संवादहरू चर्चाका विषय हुने गर्छन्।

### कूटनीतिक चलखेल

हालैका वर्षमा आएर यो क्षेत्रीय बैठक प्रशान्त क्षेत्रमा प्रभाव जमाउन चाहने शक्ति राष्ट्रहरू बीचको कूटनीतिक प्रतिस्पर्धाको थलोझैं हुन पुगेको छ। र, अमेरिका तथा चीन नै हुन् तँछाड-मछाडमा रहेका शक्तिराष्ट्र। भौगोलिक दृष्टिकोणबाट चीन एसिया-प्रशान्त आफ्नो इलाका ठान्दछ भने अमेरिका १९औं शताब्दीदेखिको उपस्थिति र दशकौंयताको लगानीको आधारमा निर्मित हालिमुहाली एकाएक त्याग्ने मनस्थितिमा देखिँदैन। दोस्रो विश्वयुद्धका बखत अमेरिकी नौसेना र वायुसेनाका अखडा पनि यस भेगमा सञ्चालन भएका थिए। युद्धपछिका वर्षमा अमेरिका उत्तरको गुआम र हवाईतिर केन्द्रित भयो र दक्षिण प्रशान्ततर्फको सुरक्षामा अष्ट्रेलिया र न्यूजील्याण्डको भर गर्नु उपयुक्त ठान्न थाल्यो।

पलाउ यस पल्टको बैठकको आयोजक। पलाउका राष्ट्रपति सुराङ्गेल ह्वीप्सको आग्रह अनुसार सहभागीहरू र अन्य आमन्त्रितले 'हवाईएन शर्ट' सहितको पहिरन लगाउन कुनै आनाकानी गरेनन्। परन्तु सारभूत कार्यसूचीमा परेका विषयमा सहमति जुटाउन भने सजिलो भएन। सबैभन्दा पेचिलो घटना भयो गत ६ जुलाई (२२ असार) २०२६ मा चीनले प्रशान्त महासागरमा गरेको महादेशीय स्तरको ब्यालेष्टिक क्षेप्यास्त्र परीक्षण। त्यस परीक्षणले वरिपरिका देशलाई भयभीत तुल्याएको हुनाले सामूहिक वक्तव्यमा चीनको नाम लिएरै 'निन्दा' गर्ने प्रस्ताव सर्वसम्मतिबाट स्वीकृत हुन पाएन। किनभने अन्तिम घडीमा किरिबास, फिजी, समोआ, भानुआटु र सोलोमन आइल्याण्डस् गरी पाँच देशका नेता बैठकमा अनुपस्थित हुन पुगे। कोही आन्तरिक राजनीतिक विद्रोहमा परेर त कोही बिरामी भएर। अनुपस्थित हुनेहरूले तह नमिल्ने प्रतिनिधि पठाए। किरिबासका राष्ट्रपतिले त चीनमा राजदूत रहिसकेका व्यक्तिलाई पलाउ पठाएका थिए जसबाट आयोजक प्रसन्न हुने कुरै भएन।

### सामूहिक चिन्ता

बैठकपछि अपेक्षा गरिएझैं कडा शब्दावलीको विज्ञप्ति निस्केन, खालि क्षेप्यास्त्र परीक्षणप्रति 'सामूहिक चिन्ता' प्रकट गरियो जसमा चीनको नाम उल्लेख गरिएन। तर भनिन्छ, पाँच सदस्य-देशका नेताको अनुपस्थितिको चाँजो ती देशमा खटिएका चिनियाँ कूटनीतिक कर्मचारीहरूले मिलाएका थिए। यसबारे बेलायतको अखबार 'द इकोनोमिष्ट' (५ सेप्टेम्बर २०२६) ले विस्तृत चर्चा गरेको छ।

बेइजिङ्ले चाहिँ क्षेप्यास्त्र परीक्षण र त्यसबारे उत्पन्न प्रतिक्रियाबारे बेग्लै व्याख्या र तर्कहरू दिएको छ। चीनको आधिकारिक धारणा अभिव्यक्त गर्ने मानिएको 'ग्लोबल टाइम्स' (अङ्ग्रेजी) पत्रिकाले चीनका नियमित सुरक्षा अभ्यासलाई बढाई चढाई गरेर 'चिनियाँ धम्की' को रूपमा प्रचारबाजी गर्नु ठिक होइन भन्ने विचार छापेको छ। पत्रिकाले किरिबासलाई तारिफ र पलाउलाई आलोचना गरेको छ। चीनलाई एक्ल्याउने ध्येय राखेको भनेर अष्ट्रेलिया र न्यूजील्याण्डप्रति पनि शिकायत दर्ज गराएको छ। पी.आई.एफ.का कतिपय सरकारले अमेरिकाबाट मार्शल आइल्याण्डस्मा यस्ता परीक्षण गराउँदै आएको कुरा औंल्याएका छन्। अर्थात् चीनको परीक्षण सर्वथा नौलो अभ्यास होइन।

विगत केही वर्षको अन्तरालमा सुरक्षा र विकास साझेदारीका पक्षमा प्रशान्त क्षेत्रका देशले समझदारी तथा सम्झौता गरेका छन्। मोटामोटी हिसाबमा, सडक बिजुलीजस्ता पूर्वाधार अनि व्यापारको पाटोमा चीनसँग सहकार्य गर्ने र लोकतान्त्रिक परिपाटी तथा सुरक्षाको परिप्रेक्ष्यमा अमेरिका औं यसका क्षेत्रीय सहयोगी-राष्ट्रसँग निकट रहने प्रवृत्ति देखिएको छ। तर आपसी प्रतिस्पर्धामा रहेका चीन र अमेरिकासितको सम्बन्ध सन्तुलित धरातलमा कायम राख्ने कार्य सहज छँदै छैन। यो तरवारको धारमा टेकेर हिँड्ने अभ्यास सरहको काम हो। शक्तिराष्ट्रका प्राथमिकता भिन्दै प्रकारका हुन्छन्।

चीनको रायमा प्रशान्त क्षेत्रका देशहरू 'भूराजनीतिक खेलमा' फस्नु हुँदैन। पलाउ बैठक हुनुभन्दा एक साता अगाडि हङकङको छापा 'साउथ चाइना मर्निङ पोष्ट' मा प्रकाशित एक आलेखमा प्रशान्त क्षेत्रमा पश्चिमी प्रभाव र त्यसको प्रतिकारमा चीनले अपनाउन सक्ने उपायको चर्चा गरिएको छ (२३ अगष्ट २०२६)।

### अन्त्यमा-

सोलोमन आइल्याण्डस्को उदाहरण। सन् २०१९ सेप्टेम्बरमा यसले चीनसँग दौत्य सम्बन्ध कायम गर्‍यो गत जुलाईमा चीनले क्षेप्यास्त्र परीक्षण गरेको लगत्तैपछि प्रधानमन्त्री म्याथ्यू वेलको प्रतिक्रिया, 'चीन मेरो देशको असल मित्र हो तर मित्रबाट यस्तो काम हुनु नपर्ने हो। यो हाम्रो क्षेत्रको लागि राम्रो मानिने काम होइन।'

परीक्षणपश्चात्, २८ जुलाईका दिन वेलको सरकारले अमेरिकासँग सम्झौता गरेर 'यू एस् कोष्टगार्ड' का सैनिकलाई स्थानीय प्रहरीलाई साथमा राखेर जलमार्गको गस्ती गर्ने सुविधा प्रदान गरेको छ। यो घटना-विकास चीनका लागि उत्साहबर्द्धक नहोला।

**साभार:गोरखापत्र**



आधिकारीक बिक्रेता : शुभलक्ष्मी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड । बीरगञ्ज पर्सा ९८४४२५०३८८

किस्ताबन्दिमा आफ्नूले खरिद गर्न चाहेको सामानहरु खरिद गर्दा ग्राहकले ४० प्रतिशत शुरुमा डाउन पेमेन्ट गर्नु पर्छ र बाँकी रकमको १२ महिना भित्र तिर्नु पर्ने हुन्छ। रकम तिर्दा ब्याज लाग्ने छैन तर शुरुमा रु.१००/- को शेयर रकम बापत लाग्नेछ। किस्ताबन्दिमा सामान लिदा ग्राहकको नागरिताको प्रतिलिपी १ थान र फोटो २ थान चाहिन्छ। ग्राहकले बाँकी रकमको १ चेक १ बर्षको भाखा राखि दिनु पर्नेछ।

# कांग्रेस क्षेत्रीय अधिवेशन गर्ने समय तीन दिन थप

काठमाडौं, ८ असोज/नेपाली कांग्रेसले क्षेत्रीय अधिवेशनका लागि १० गतेदेखि १३ गतेसम्म गर्ने गरी कार्यतालिकामा संशोधन गरेको छ।

कांग्रेसले १५औं महाधिवेशनअन्तर्गत निर्धारित समयमा वडा र पालिका अधिवेशन सम्पन्न नभएपछि प्रदेश(प्रतिनिधि सभा क्षेत्रीय अधिवेशनको समय तीन दिन थपेको हो। ‘क्षेत्रीय अधिवेशनका तीन दिनको समय दिने निर्णय भएको छ,’ कांग्रेसको निर्वाचन समितिका सदस्य सचिव राजु कटुवालले भन्नुभयो, ‘मौसम प्रतिकुलताका कारण १० गतेका लागि निर्धारित समय सीमामा तीन दिन थपिएको छ।’

मधेस प्रदेशलगायतका ठाउँमा वडा अधिवेशन नै सम्पन्न हुन ढिलो हुँदा प्रदेश(प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन असोज १३ गतेसम्म लगिएको उहाँले बताउनुभयो। ‘असोज १३ गतेसम्म प्रतिनिधि सभा क्षेत्रीय अधिवेशन सम्पन्न भए निर्धारित मितिमै महाधिवेशनको प्रक्रिया अगाडि बढाउन कुनै समस्या हुँदैन,’ उहाँले भन्नुभयो, ‘त्यसमा पनि केही ढिलो भएको भने असोज १८ मा महाधिवेशन उद्घाटन गर्नुपर्ने अवस्था आउनु सक्छ।’




१५औं महाधिवेशन यही असोज १६(१९ मा काठमाडौंमा सम्पन्न गर्ने कांग्रेसको कार्यतालिका छ। ‘बिहीबार बिहानदेखि पानी परिरहेको छ। यो असोज १२ गतेसम्म जारी रह्यो भने पालिका र क्षेत्रीय अधिवेशनमा केही समस्या हुन्छ। हामीले मौसमी अनुकुता र प्रतिकुलतालाई हेरेर काम गर्न निर्वाचन अधिकृतहरुलाई निर्देशन दिएका छौं,’ उहाँले भन्नुभयो, ‘मौसम अनुकुल भएको ठाउँमा असोज १० गते नै क्षेत्रीय अधिवेशन गर्नुहुन्छ। मौसम प्रतिकुल ठाउँमा असोज १३ गतेसम्म गर्न पनि छुट दिइएको छ।’

कांग्रेसमा यस पटक पालिका सभापति र प्रदेश सभा क्षेत्रीय सभापति पनि पदेन महाधिवेशन प्रतिनिधि हुने व्यवस्था भएकाले अधिवेशन गराउनै पर्ने बाध्यता छ। महाधिवेशनमा करिब सात हजार प्रतिनिधि चयन हुने उहाँको भनाइ छ।

‘असोज १६ गतेबाट रजिस्ट्रेशन सुरु गरिदिन्छौं। त्यो गर्दा महाधिवेशन सुरु भइहाल्छ। चयन भएर आएका प्रतिनिधिहरू रजिस्ट्रेशन गर्दै गर्नुहुन्छ,’ कटुवालले भन्नुभयो, ‘असोज १८ गते महाधिवेशन उद्घाटन गर्न सकिने अवस्था बन्छ। महाधिवेशनका मिति तलमाथि विषयमा पार्टीले नै निर्णय लिन्छ।’


नेपाल सरकार
भूमि व्यवस्था, सहकारी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
भूमि प्रशासन कार्यालय सिमरा, बारा

## भूमि प्रशासन कार्यालय सिमरा बाराबाट जारी ३५ दिने सार्वजनिक सूचना

प्रस्तुत विषयमा जिल्ला बारा गा.वि.स. निजगढ वडा नम्बर ८ हालको निजगढ नगरपालिका वडा नम्बर नं. ९ बस्ने पूर्ण बहादुर कटुवाल र केशर बहादुर कटुवालको नाममा दर्ता कायम रहेको तपसिलको जग्गा निज ज.ध. मध्ये पूर्ण बहादुर कटुवालको अविवाहित अवस्थामा नै मिति २०८३।०४।२८ मा मृत्यु भै पश्चात शेषपछिको हकखाने हकदार एक मात्र भाई केशर बहादुर कटुवालले नामसारी गरी पाउँ भनि द.नं. १४४९ मिति २०८३।०६।०६ मा माग निवेदन पेश गर्नु भएको सन्दर्भमा यस कार्यालयका कार्यालय प्रमुखबाट भएको आदेशानुसार नामसारी सम्बन्धमा यो ३५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ। मृतक ज.ध. पूर्ण बहादुर कटुवालको स्याहार सुसार गर्ने, हकखाने अन्य कोही हकदार भए वा भाई केशर बहादुर कटुवालको नाममा नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र आफ्नो सबुत प्रमाण सहित उजुर दावी गर्न आउनुहुनु भनी सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| जिल्ला | गा.वि.स. | कित्ता नं. | वडा नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|
| बारा | निजगढ | ३११ | ८ क | ०-१०-४-४ | पूर्ण बहादुर कटुवाल समेत २ जना |


# नारायणगढ(मुग्लिन सडकमा रातिबाट सवारी चलाउन पूर्णरोक

चितवन ८ असोज/अविरल वर्षा र त्यसबाट हुन सक्ने बाढी, पहिरो तथा डुबानको विपद्जन्य जोखिमलाई मध्यनजर गर्दै जिल्ला प्रशासन कार्यालय चितवनले नारायणगढ( मुग्लिन सडक खण्डमा रात्रिकालीन सवारी आवागमन पूर्ण रूपमा बन्द गरेको छ।

जल तथा मौसम विज्ञान विभागले चितवन र आसपासका क्षेत्रमा निरन्तर वर्षा भइरहेको र आगामी केही दिनसम्म अति भारी वर्षा हुन सक्ने पूर्वानुमानसहित सूचना जारी गरेसँगै यात्रु तथा सवारीसाधनको सुरक्षा सुनिश्चित गर्न प्रशासनले यो निर्णय लिएको हो।

जिल्ला प्रशासन कार्यालयले बिहीबार जारी गरेको सूचनाअनुसार आज राति ८ बजेदेखि भोलि बिहान ५ बजेसम्म उक्त सडक खण्डमा चल्ने सम्पूर्ण सवारीसाधनको आवागमनमा पूर्ण रूपमा रोक लगाइएको छ।

सहायक प्रमुख जिल्ला अधिकारी ईश्वरीप्रसाद शर्माद्वारा हस्ताक्षरित सूचनामा यात्रु तथा सवारी चालकहरूलाई मौसम र सडकको अवस्था बुझेर मात्र यात्रा तय गर्न आग्रह गरिएको छ।

साथै, जोखिमयुक्त स्थानमा नजान र सम्बन्धित निकायबाट जारी हुने सुरक्षा निर्देशनको पूर्ण पालना गर्न पनि प्रशासनले अनुरोध गरेको छ।

# पूर्वराष्ट्रपति भण्डारी एमालेको वरिष्ठ नेता चयन

काठमाण्डौ ८ असोज/नेकपा (एमाले) को केन्द्रीय कमिटीको तेस्रो बैठकबाट पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी वरिष्ठ नेता चयन हुनुभएको छ।

केन्द्रीय कमिटीको बैठकअघि आजै बसेको सचिवालयको बैठकले वरिष्ठ नेतामा भण्डारीसहित केन्द्रीय सदस्यमा मनोनयन हुने सूची पारित गरेको थियो।

पूर्वराष्ट्रपति भण्डारीले पार्टीको ११औं महाधिवेशनअघि नै पार्टी सदस्यताका लागि आवेदन दिनुभएको थियो। त्यति बेला पार्टीले राष्ट्रको सम्मानित पदमा पुगिसकेको व्यक्ति पुनः खुला राजनीतिमा वा कुनै राजनीतिक दलको सक्रिय राजनीतिमा आउँदा उपयुक्त नहुने भन्दै सदस्यता दिन अस्वीकार गरेको थियो।

यही असोज ५ गतेदेखि चलिरहेको केन्द्रीय कमिटीको बैठक आज सकिएको छ। केन्द्रीय कमिटीको हिजोको बैठकमा अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक प्रतिवेदन पारित भएको थियो।

नेकपा एमालेको स्थायी कमिटीमा सात जना मनोनीत भएका छन्। अध्यक्ष केपी शर्मा ओलीले ईश्वर पोखरेल, थममाया थापा, लालबाबु पण्डित, प्रदीप ज्ञवाली, काशीनाथ दवाडी, देवराज घिमिरे र शिवमाया तुम्बाहाम्फेलाई स्थायी कमिटी सदस्य मनोनीत गर्नुभएको हो।

# ताप्लेजुङको दोभान बजारमा भीषण आगलागी

काठमाडौं, ८ असोज/ताप्लेजुङको मेरिङदेन गाउँपालिका ३ दोभान बजारमा भीषण आगलागी भएको छ।

आगलागीबाट करिब १० वटा घर जलेको सशस्त्र प्रहरीका सहप्रवक्ता डीएसपी शैलेन्द्र थापाले जानकारी दिनुभयो।

आगलागी नियन्त्रणका लागि स्थानीय प्रहरी र सशस्त्र प्रहरी बल नेपाल नं १ कञ्चनजंघा गुल्मबाट सशस्त्र प्रहरीको टोली परिचालन गरिएको छ।

त्यहाँ करिब ५० घरधूरीसहितको बाक्लो बस्ती छ।

आगो कसरी लाग्यो भन्ने नखुलिसकेको पनि डीएसपी थापाले बताउनुभयो।

अहिले आगो निभाउने प्रयास भइरहेको छ। यसकै लागि नेपाली सेनाका २ वटा दमकल पनि पुगेको छ

# कांग्रेस १५औं महाधिवेशनको नारा र लोगो सार्वजनिक, देउवाको फोटो पनि राखियो

काठमाण्डौ ८ असोज/नेपाली कांग्रेसले १५औं महधिवेशनको नारा र लोगो सार्वजनिक गरेको छ। कांग्रेसले आज सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको नारा नेपाली कांग्रेसको १५ औं महाधिवेशन ( परम्पराको सम्मान, परिवर्तनको सङ्कल्प, समुन्नत नेपालका लागि सबल कांग्रेस अबको विकल्प भन्ने रहेको छ

यस्तै लोगोमा बीपी कोइराला, सुवर्ण शमशेर, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला, सुशील कोइराला र शेरबहादुर देउवासम्मको तस्वीर राखिएको छ।

कांगेसको १५औं महाधिवेशन यही असोज १६ देखि १९ गतेसम्म काठमाण्डौको खुलामञ्चमा हुनेछ।

यसैबीच नेपाली कांग्रेसका पूर्वसभापति शेरबहादुर देउवा समूहले समानान्तर महाधिवेशन गर्न ७६ जिल्लामा केन्द्रीय प्रतिनिधि तोकेको छ

पूर्वमहामन्त्री डा. शशाङ्क कोइरालालाई महाधिवेशन आयोजक समितिको संयोजक बनाएको समूहले असोज १५ गतेदेखि वडा अधिवेशन शुरू गरेर आउँदो मङ्सिर २१ देखि २३ गतेसम्म महाधिवेशन गर्ने कार्यतालिका सार्वजनिक गरिसकेको छ

## बीपीराजमार्गमा...

त्यस्तै, नेपाली सेनाको श्रीमेहर गण, जिल्ला प्रहरी कार्यालय काभ्रेर सशस्त्र प्रहरी बल नेपाल नम्बर १५ गण हेडक्वार्टरलाई उद्धारमा खटिने टोली विभिन्न स्थानमा तयारी अवस्थामा राख्न बैठकले निर्देशन दिएको छ।

बैठकले स्थानीय विपद् व्यवस्थापन समितिसँग निरन्तर सम्पर्कमा रही आवश्यक समन्वय र उद्धार व्यवस्थापनलाई प्रभावकारी बनाउने निर्णय गरेको छ।

प्रशासनले सम्भावित विपद्को जोखिममा रहेका नागरिकलाई पूर्वसूचनाप्रति सजग रहन तथा आवश्यक अवस्थाबाहेक जोखिमयुक्त क्षेत्रमा आवागमन नगर्न आग्रह गरेको छ।

## नमुनासामुदायिक...

गर्नुपर्ने उनीहरूको माग छ। साथै, सामुदायिक वन उपभोक्ता समितिको भूमिका तथा वन व्यवस्थापन र संरक्षणका गतिविधिबारे समेत छानबिन गर्नुपर्ने स्थानीयको भनाइ छ।

घटनाबारे सम्बन्धित वन कार्यालयको आधिकारिक धारणा भने सार्वजनिक भएको छैन। स्थानीयले वन क्षेत्रमा भइरहेको गतिविधिको निष्पक्ष छानबिन गरी दोषी देखिए कानुनअनुसार कारबाही गर्न तथा वन संरक्षणका लागि प्रभावकारी निगरानी व्यवस्था मिलाउन माग गरेका छन्।







# नक्कली प्रमाणपत्र पेस गरेको आरोपमा सामाजिक परिचालकविरुद्ध मुद्दा

रौतहट, ८ असोज/रौतहटको माधव नारायण नगरपालिकामा सामाजिक परिचालक पदमा कार्यरत कृष्ण नन्दन प्रसाद यादवविरुद्ध नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी सरकारी सेवामा प्रवेश गरेको आरोपमा भ्रष्टाचार मुद्दा दायर भएको छ ।




अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अनुसार यादवले जिल्ला विकास समिति, रौतहटअन्तर्गत स्थानीय ट्रस्ट कोष समितिमा सामाजिक परिचालक (सहायकस्तर पाँचौं) पदमा नियुक्ति लिने क्रममा भारतको पटनास्थित बिहार इन्टरमिडियट एजुकेशन काउन्सिलबाट जारी भएको देखिने आईए तहको झुट्टा तथा नक्कली शैक्षिक प्रमाणपत्र पेस गरेका थिए ।

उक्त प्रमाणपत्रका आधारमा नियुक्ति लिएपछि यादव राष्ट्रसेवकको हैसियतमा कार्यरत रही पद, लाभ तथा सुविधासमेत लिएको आयोगको दाबी छ ।

नक्कली शैक्षिक प्रमाणपत्र प्रयोग गरेको सम्बन्धमा परेको उजुरीमाथि अनुसन्धान गर्दा कसुर पुष्टि भएको आयोगले जनाएको छ। आयोगले यादवविरुद्ध साविक भ्रष्टाचार निवारण ऐन, २०१७ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को सम्बन्धित दफाअनुसार सजायको मागदावी गरेको छ ।

आयोगले बिहीबार यादवविरुद्ध विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरेको हो । नक्कली शैक्षिक प्रमाणपत्र पेस गरी सार्वजनिक पदमा नियुक्ति लिई लाभ तथा सुविधा लिएको अभियोगमा यादवमाथि कानुनी कारबाहीको माग गरिएको आयोगले जनाएको छ ।

आरोपपत्र दायर भएको अवस्थामा अभियोग प्रमाणित भइसकेको भने होइन । मुद्दाको अन्तिम निर्णय विशेष अदालतबाट हुने छ ।

# वडाध्यक्ष कुशवाहाको निधनमा देवतालमा शोक बिदा

कलैया, ८ असोज/बाराको देवताल गाउँपालिका( ३ का वडा अध्यक्ष रामकिशोर प्रसाद कुशवाहाको निधनको शोकमा देवताल गाउँपालिकाले आज ( बिहीबार) शोक बिदा दिएको छ ।

गाउँपालिकाले एक सूचना जारी गर्दै असोज ८ गते बिहीबार गाउँ कार्यपालिकाको कार्यालय, मातहतका वडा कार्यालय, स्वास्थ्य संस्था ( आकस्मिक सेवाबाहेक) तथा गाउँपालिकाअन्तर्गतका शैक्षिक संस्थामा शोक बिदा दिएको जनाएको हो ।

गाउँपालिका अध्यक्ष उदयप्रसाद यादवद्वारा जारी शोक वक्तव्यमा वडा अध्यक्ष कुशवाहाको असामयिक निधनले गाउँपालिकालाई अपूरणीय क्षति पुगेको उल्लेख गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना तथा शोकसन्तप्त परिवारजनप्रति समवेदना व्यक्त गरिएको छ । मस्तिष्कघात भएपछि वीरगञ्जस्थित एलएस न्युरो एण्ड जेनेरल हस्पिटलमा कुशवाहाको उपचारका क्रममा बुधबार निधन भएको थियो ।

# धनसार-जङ्गलसहिया सडकमा मोटरसाइकल दुर्घटनामा परेर एक जनाको मृत्यु

रौतहट, ८ असोज/रौतहटको धनसार(जङ्गलसहिया सडकखण्डमा बुधबार साँझ सवारी दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ भने एकजना गम्भीर घाइते भएका छन्। मृत्यु हुनेमा फतुवा विजयपुर नगरपालिका( ५ सन्तपुर दोस्तियाका २० वर्षीय सन्देश यादव रहेका छन् ।




जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार गुजरा नगरपालिका( ३ स्थित धनसार गेटबाट करिब एक किलोमिटर दक्षिण कल्भर्ट नजिक निजगढतर्फबाट आउँदै गरेको मधेस प्रदेश ०३-००१ ज ०५९५ नम्बरको ईभी गाडी र विपरीत दिशाबाट जाँदै गरेको बा ८५ प ४६२५ नम्बरको मोटरसाइकल एकआपसमा ठोक्किएका थिए ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख इन्स्पेक्टर रादेसकुमार खत्रीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो । प्रहरीले मोटरसाइकल चालक सन्देश र पछाडि सवार कटहरिया नगरपालिका( ८ बलुवा टोलका २० वर्षीय राजगीर यादवलाई उद्धार गरी चन्द्रपुरस्थित सिभिल अस्पताल पुऱ्याएको थियो ।

उपचारका क्रममा सन्देशको साँझ करिब ७ बजे मृत्यु भएको हो भने गम्भीर घाइते भएका राजगीरलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि वीरगञ्ज पठाइएको छ ।

# भारी वर्षाको जोखिम, सतर्क रहन प्रदेश सरकारको आग्रह

जनकपुरधाम, ८ असोज/गृह, सञ्चार तथा कानून मन्त्रालयले प्रदेशमा हुनसक्ने भारी वर्षा, बाढी, पहिरो, डुबान तथा अन्य सम्भावित विपद्को जोखिमलाई ध्यानमा राख्दै उच्च सतर्कता अपनाउन आग्रह गरेको छ ।

प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिको बिहीबार बिहान बसेको बैठकको निर्णय तथा राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणको सूचना र सतर्कताका आधारमा प्रदेश सरकारले विपद् पूर्वतयारी तथा प्रतिकार्यका लागि आवश्यक व्यवस्था मिलाउँदै उच्च सतर्कता अपनाउन आग्रह गरेको हो ।

मन्त्रालयका अनुसार सम्भावित विपद्का समयमा आवश्यक पर्ने खाद्यान्न, दैनिक उपभोग्य वस्तु, औषधि तथा उद्धार सामग्रीको पूर्वव्यवस्था गरी तत्काल परिचालन गर्न सक्ने अवस्थामा राखिएको छ। सुरक्षा निकायलाई समेत उच्च सतर्कताका साथ तयारी अवस्थामा राखिएको र आवश्यकता अनुसार उद्धार तथा सुरक्षा कार्यमा परिचालन गर्ने व्यवस्था मिलाइएको मन्त्रालयले जनाएको छ ।

साथै, जोखिमयुक्त क्षेत्रमा रहेका ज्येष्ठ नागरिक, बालबालिका, महिला, अपाङ्गता भएका व्यक्ति लगायत जोखिममा रहेका समूहको सुरक्षालाई प्राथमिकतामा राख्दै आवश्यक परे उनीहरूलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्ने व्यवस्था गरिएको छ । विपद्सम्बन्धी सूचना, सावधानी तथा सुरक्षाका उपायबारे नियमित सूचना प्रवाह गरिने मन्त्रालयले जनाएको छ ।

त्यस्तै, स्वास्थ्य, विद्युत् र सञ्चारजस्ता अत्यावश्यक सेवा अवरुद्ध हुन नदिन सम्बन्धित निकायबीच समन्वय र सहकार्य कायम गरिएको मन्त्रालयको भनाइ छ ।

मन्त्री फकिरा महतोले सम्भावित विपद्को अवस्थामा नागरिकलाई आवश्यक सावधानी अपनाउन, जोखिमयुक्त स्थानमा नजान तथा आधिकारिक सूचना र सुरक्षासम्बन्धी सन्देशमा ध्यान दिन आग्रह गर्नुभएको छ। उहाँले प्रदेशका सबै स्थानीय तहसँग समन्वय गरी स्थानीयस्तरमा पूर्वतयारी, उद्धार, राहत तथा प्रतिकार्यलाई प्रभावकारी बनाउने व्यवस्था मिलाइएको जानकारी दिनुभयो ।

मन्त्री महतोले 'सतर्क रहौं, सुरक्षित रहौं' भन्ने सन्देशसहित विपद्को जोखिम न्यूनीकरणमा सबै पक्षलाई सहयोग गर्न आग्रह गर्नुभएको छ ।

# मधेश सरकारद्वारा सशस्त्र प्रहरीलाई २० थान मोटरसाइकल हस्तान्तरण



वीरगञ्ज, ८ असोज/मधेश प्रदेश सरकारले सीमा सुरक्षा तथा शान्ति सुरक्षालाई थप सुदृढ बनाउने उद्देश्यले बिहीबार सशस्त्र प्रहरी बललाई २० थान मोटरसाइकल हस्तान्तरण गरेको छ ।

प्रदेशका गृह, कानुन तथा सञ्चारमन्त्री फकीरा महतोले सशस्त्र प्रहरी बल मधेश प्रदेशका प्रमुख डीआइजी विष्णुप्रसाद भट्टलाई मोटरसाइकलको साँचो र ब्लुबुक हस्तान्तरण गर्नुभएको हो ।

मन्त्रालयका अनुसार सीमा सुरक्षा, शान्ति सुरक्षा र नियमित गस्तीलाई अझ प्रभावकारी तथा तीव्र बनाउन यी सवारी साधन उपलब्ध गराइएको हो ।

यसैगरी प्रदेश सरकारले बुधबार मात्रै नेपाल प्रहरीलाई ३५ थान मोटरसाइकल उपलब्ध गराएको थियो । मन्त्री महतोले मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख डीआईजी ओमप्रसाद अधिकारीलाई साँचो र ब्लुबुक हस्तान्तरण गर्नुभएको थियो ।

मन्त्री महतोका अनुसार आवश्यकताका आधारमा सुरक्षा निकायका लागि थप १० थान मोटरसाइकल सम्बन्धित स्थानमा उपलब्ध गराउने तयारीसमेत भइरहेको छ । प्रदेशका सुरक्षा निकायलाई आवश्यक स्रोत(साधनले सम्पन्न गराउँदै समग्र सुरक्षा व्यवस्थालाई थप प्रभावकारी र मजबुत बनाउनेतर्फ प्रदेश सरकार पूर्ण रूपमा केन्द्रित रहेको मन्त्री महतोले बताउनुभयो ।

# भारी वर्षाको जोखिमले वीरगञ्जका सबै विद्यालयमा बिदा

वीरगञ्ज, ८ असोज/वीरगञ्ज महानगरपालिकाभित्रका सम्पूर्ण सामुदायिक तथा संस्थागत (निजी) विद्यालयहरुमा असोज ९ गते पठनपाठन बन्द गरिने भएको छ ।

महानगरपालिकाको शैक्षिक प्रशासन महाशाखाले बिहीबार एक सूचना जारी गर्दै भोलि एक दिनका लागि पठनपाठन स्थगन गरिएको जानकारी गराएको हो ।

शिक्षा तथा खेलकुद मन्त्रालयको प्राप्त पत्रअनुसार नेपालका विभिन्न स्थानमा भारी वर्षा, हावाहुरी तथा चट्यांग पर्ने सम्भावना रहेकाले सम्भावित प्रतिकूल प्रभाव र विद्यार्थीको सुरक्षालाई मध्यनजर गर्दै यो निर्णय लिइएको शैक्षिक प्रशासन महाशाखाले जनाएको छ ।

साथै अविरल वर्षाका कारण समुदायमा कुनै विपद्को स्थिति सिर्जना भएमा विद्यालयका भवनहरूलाई सुरक्षित आश्रयस्थलका रूपमा प्रयोग गर्न सकिने गरी पूर्वतयारी अवस्थामा राख्न पनि महानगरपालिकाले विद्यालय प्रशासनलाई निर्देशन दिएको छ ।

# बीपी राजमार्गमा सवारी सञ्चालनमा रोक

काठमाण्डौं,८ असोज/सम्भावित बाढीपहिरोको जोखिमलाई ध्यानमा राखेर स्थानीय प्रशासनल बीपी राजमार्गको काभ्रे खण्डमा आजदेखि चार दिनसम्म रातिको समयमा सवारी आवागमनमा रोक लगाएको छ ।

मनसुन प्रतिकार्य कमाण्ड पोष्ट काभ्रेको बैठकले असोज ८ गतेदेखि बेलुकी ५ बजेदेखि बिहान ५ बजेसम्म बीपी राजमार्गको काभ्रे खण्डमा सवारी आवागमन रोक्ने निर्णय गरेको प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिनुभयो ।

असोज ८ गते बिहीबारदेखि असोज ११ गते आइतबारसम्म ठूलो वर्षा हुनसक्ने मौसम पूर्वानुमान सार्वजनिक भएकाले सम्भावित बाढीपहिरोको जोखिम न्यूनीकरणका लागि रातिको समयमा सवारी आवागमन रोक्ने निर्णय गरिएको उहाँले बताउनुभयो ।

बैठकले वर्षा तथा बाढीको अवस्था मूल्याङ्कन गरी दिनको समयमा सवारीसाधन सञ्चालन रोक्नुपर्ने अवस्था देखिएमा जिल्ला प्रहरी कार्यालय काभ्रेले आवश्यक निर्णय लिनसक्ने व्यवस्था गरेको छ ।

निर्णय कार्यान्वयनमा सहजीकरणका लागि सिन्धुली र भक्तपुरका प्रमुख जिल्ला अधिकारीलाई अनुरोध गर्ने निर्णय गरिएको अधिकारीले बताउनुभयो ।

बैठकले नदी किनार तथा पहिरोको जोखिममा रहेका बासिन्दालाई सम्भावित बाढीपहिरोबारे निरन्तर जानकारी गराउन तथा स्थानीय सञ्चारमाध्यममार्फत पूर्वसूचना सम्प्रेषणलाई प्रभावकारी बनाउने निर्णय गरेको छ ।


त्यसका लागि नेपाल पत्रकार महासङ्घ काभ्रेपलाञ्चोक शाखालाई आवश्यक सहजीकरण गर्न अनुरोध गर्ने निर्णय भएको छ ।

बाँकी तेश्रो पेजमा

# कान्ति लोकपथमा यातायात अवरुद्ध

हेडौंडा, ८ असोज/पहिरो खसेपछि हेटौंडाबाट काठमाण्डौं जोड्ने कान्ति लोकपथ पूर्ण रूपमा बन्द भएको छ ।

ललितपुरको बागमती गाउँपालिका( ३ माल्टामा पहिरो खसेपछि बिहीबार दिउँसो साढे १२ बजेदेखि कान्ति लोकपथ पूर्ण रूपमा बन्द भएको जिल्ला प्रहरी कार्यालय ललितपुरका एसपी गौतम मिश्रले जानकारी दिउनुभयो। 'माल्टा दोबाटोमा पहिरो गएपछि अहिले दुबैतर्फ बाटो पूर्ण रुपमा बन्द छ,' मिश्रले



नेपालखबरसँग भने, 'अहिले दुवैतर्फ सवारी साधनको लाम छ । पहिरो झरिरहेकाले तत्काल हटाउने अवस्था पनि छैन ।' त्यसैगरी ललितपुरको कोन्ज्योसोम गाउँपालिका जाने सडक पनि पहिरोले अवरुद्ध भएको छ ।

चाडपर्व मनाऔं: सामाजिक सद्भाव कायम राखौं

- आ-आफ्ना धर्म, संस्कृति, परम्परा र मौलिकताको सम्मान गर्दै चाडपर्व मनाऔं,
- चाडपर्वका अवसरमा परिवार, आफन्त र समुदायबीच प्रेम, सद्भाव र भाइचारा बढाऔं,
- धार्मिक तथा सांस्कृतिक विविधतालाई साझा सम्पत्तिका रूपमा सम्मान गरौं,
- चाडपर्वका नाममा हुने भेदभाव, वैमनस्यता, झै-झगडा र हिंसाबाट टाढा रहौं,
- सामाजिक सञ्जालमा घृणा, अफवाह तथा विभाजनकारी सामग्री फैलाउने कार्य नगरौं,
- मितव्ययी, सुरक्षित र सभ्य ढंगले आपसी सम्मान र सद्भावकासाथ चाडपर्व मनाऔं ।

चाडपर्वको खुसी बाँडौं, सामाजिक सद्भाव र राष्ट्रिय एकता बलियो बनाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

प्रकाशक के.एस. मल्टिप्रपोज प्रा.लि., बीरगञ्ज पर्सा, प्रबन्ध संचालक एवं भाषा -सम्पादक:- कमल कुमार उपाध्याय ९८५५०२१८८६, प्रधान सम्पादक:- गोकुल घोरसाइने, सम्पादक : पुजन चौधरी, कार्यकारी सम्पादक : कृष्णउदास खनाल, ब्यवस्थापक एवं सह-सम्पादक दुष्यन्त चौधरी ९८४३११३४३५ कार्यालय:- निजगढ नगरपालिका वार्ड नम्बर-४ बारा email:– kreepadaily@gmail.com, kreepadainik@gmail.com मुद्रक:- के. एस. मल्टिप्रपोज प्रा.लि. बीरगञ्ज, पर्सा ०५१-५९१८७३